Email: bhojpur@dolma.gov.np
फोन नं. ०२९५२०१९६

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय
भोजपुर

प.सः २०८०/८१
च.नः ११८
कोशी प्रदेश, नेपाल

मितिः २०८०/०५/१५

विषयः सूचना टाँस गरी जानकारी पठाईदिने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, भोजपुर ।
श्री जिल्ला समन्वय समिति, भोजपुर ।
श्री जिल्ला प्रहरी कार्यालय, भोजपुर ।
श्री भोजपुर नगरपालिका, भोजपुर ।
श्री टेम्केमैयुङ गाउँपालिका अन्नपुर्ण, भोजपुर ।
श्री रामप्रसाद राई गाउँपालिका बैकुण्ठे, भोजपुर ।
श्री हतुवागढी गाउँपालिका घोडेटार, भोजपुर ।
श्री आमचोक गाउँपालिका बांलखा, भोजपुर ।
श्री पौवादुङ्मा गाउँपालिका च्याङ्गे, भोजपुर ।
श्री अरुण गाउँपालका प्याउली, भोजपुर ।

प्रस्तुत विषयमा भू-सेवा केन्द्र संचालन र सो को लागि आवेदन फारम भर्ने सम्बन्धिको प्रकृया, तरीका, योग्यता लगायतका विषय उल्लेख भएको सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको हुंदा सो सुचना तहाँ कार्यालयको सूचना पाँटीमा टाँस गरी जानकारी पठाईदिनु हुन अनुरोध छ ।

बोधार्थः जानकारीको लागि
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाण्डौं

५/१५
विनोद भण्डारी
कार्यालय प्रमुख

Email: bhojpur@dolma.gov.np
फोन नं. ०२९५२०१९६

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
भोजपुर

पाना-१

प.सः २०८०/८१

च.नः

कोशी प्रदेश, नेपाल

मितिः २०८०/०५/१५

**विषयः भु-सेवा केन्द्र सञ्चालन सम्बन्धि सूचना।**

प्रस्तुत बिषयमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग ( भू सूचना प्रविधि शाखा) को च.नं. ४११ मिति २०८०/०४/२४ गतेको प्राप्त पत्र वमोजिम ३० दिने सूचना प्रकाशित गरी भू-सेवा केन्द्र सन्चालनका लागि भू-सेवा केन्द्र सन्चालन निर्देशिका, २०७६ संसोधन सहितको दफा (६) र (७) बमोजिमको योग्यता र पूर्वधार पुरा भए इच्छुक व्यक्ति, संघ, संस्था र स्थानीय तहले अनुमति लिनका लागि मिति:२०८०/०५/१५ गते देखि ३० दिन भित्र Public Acess Module (https://public.dolma.gov.np) (PAM) मार्फत अनलाईन निवेदन पेश गरी सो संग सम्बन्धित सक्कल कागजात निवेदन पेश गरेको ७ दिन भित्र अनुसुची (१) वमोजिमको निवेदन सहित यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन संबन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू-सेवा अनुमति किसिम र योग्यता तपशिल अनुसारको हुनेछ ।

| व्यतिको हकमा | रजिष्टर्ड सघं/ संस्थाको हकमा | स्थानीय तहको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्नेको हकमा | साधारण प्रयोग कर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरीकता<br>ख. अठार वर्षा उमेर पुरा भएको ।<br>ग. कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह वा अन्य विषयमा सो सरह योग्यता भई कम्प्युटर सम्बन्धि विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>घ. प्रचलित कानुन बमोजिम स्थायि लेखा नं. लिएको ।<br>ङ. भू-सेवा केन्द्र सन्चालनको लागि दफा ७ वमोजिम भौतिक पुर्वधार भएको ।<br>च. नैतिक पतन दखिने, फौजदारी कसुर देखिने वा अन्य लिखत सम्वन्धि कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | क. प्रचलित कानुन वमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>ख. नेपाली नागरिकले स्थापना र संन्चालन गरेको हुनुपर्ने ।<br>ग. संस्थामा काम गर्ने कम्तिमा एक जना जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको योग्यता भई कम्प्युटर सम्वन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>घ. संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको हुन पर्ने ।<br>ङ. कर चुक्ताको प्रमाणपत्र भएको हुनु पर्ने ।<br>च. दफा ७ वमोजिमको भौतिक पुर्वाधार भएको । | क. सेवा केन्द्र सन्चालन गर्ने जनशक्ति र दफा ७ बमोजिम पुर्वधार भएको । | क. कानुन व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण-पत्र-भएको ।<br>ख. नेपाली नागरिक ।<br>ग. प्रचलित कानुन बमोजिम स्थायी लेखा नं. लिएको ।<br>घ. सेवा केन्द्र सन्चालनको लागि दफा (७) वमोजिम भौतिक पुर्वधार भएको । | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको ।<br>ख. आफ्नो नाममा भएको जग्गा कित्ता विवरण भू-सूचना प्रणालीमा श्रेस्ता अध्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्वन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्ने छ । |

१५/१५

विनोद भण्डारी
कार्यालय प्रमुख

Email: bhojpur@dolma.gov.np
फोन नं. ०२९५४२०१९६

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
भोजपुर

पाना-३

प.सः २०८०/८१
च.नः

कोशी प्रदेश, नेपाल

मितिः २०८०/०५/१०

**विषयः भु-सेवा केन्द्र सञ्चालन सम्बन्धि सूचना।**

भू-सेवा केन्द्र संचालनको लागि चाहिने पूर्वाधार ( भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ को दफा ७ वमोजिम )
क. कम्प्युटर ख. प्रिन्टर ग. पावर व्याकप सिस्टम घ. स्कानर
ङ. भू-सूचना प्रणाली सँग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाईस, वेब क्यामरा, दस्तखत मेसीन र इन्टरनेट कनेक्टीभिटी कम्तीमा २/२ एम.बी.पी.एस. डेडीकेटेड लाईन भएको ।
(अनुमति पत्रको दस्तुर अवधि तथा नविकरण सम्बन्धि व्यवस्था)
१. साधारण प्रयोगकर्तालि युजर एकाउन्ट खोल्नको लागि सम्बन्धित कार्यालयमा रु ५०० (पाँच सय ) दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक १० (दश) वर्षमा नविकरणका लागि रु १०० (एक सय) दस्तुर बुझाउनु पर्नेछ ।
२. साधारण प्रयोगकर्तालि युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा उक्त प्रयोगकर्ताको पँहुच स्वतः निष्कृय हुनेछ ।
३. भू-सूचना केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय वमोजिमको दस्तुर लाग्नेछ ।
क. व्यक्तिको हकमा रु ३००० (तीन हजार)
ख. संस्थाको हकमा रु ५००० (पाँच हजार)
उक्त दस्तुर को.ले.नि.का. भोजपुरको खाता न. २०४०१००१०२०६०००० राजश्व शिर्षक १४२२९ (कार्यालयको कोड नं. ३३६०१०७०१) अन्य प्रशासनिक सेवा शुल्कमा जम्मा गरी सो को भौचर पेश गर्नु पर्नेछ ।
४. भू-सेवा केन्द्र सन्चालनको अनुमति लिन चाहने व्यक्ति, संघ वा संस्थाले राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय भोजपुर, को.ले.नि.का. भोजपुरको खाता नं. २०४०१००१०२०३०००० मा धरौटी बापत देहाय वमोजिमको नगद रकम जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकि रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय वमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
क. व्यक्तिको हकमा रु ५०००० (पचास हजार)
ख. संस्थाको हकमा रु २००००० ( दुई लाख)
ग. स्थानीय तहलाई भू-सेवा केन्द्र अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।
५. भू-सेवा केन्द्र सन्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।
६. बैंक तथा वित्तिय संस्था, कर्मचारी संन्चय कोष, नागरीक लगानी कोष जस्ता संस्थाहरुको धितो बन्धक / रोक्का र फुकुवा प्रयोजनको लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको भूमीसुधार तथा मालपोत कार्यालय / मालपोत कार्यालयमा अनलाइन निवदेन पेश गरी अनुमति पत्र प्राप्त गर्नुपर्नेछ । र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकता अनुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर विवरण गर्नसक्नेछ ।
७.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सन्चालन निर्देशिका,२०७६ (संशोधन सहित) बमोजिम हुनेछ ।
८. थप जानकारीका लागि देहाय वमोजिम कर्मचारीहरु संग सम्पर्क गर्न सकिनेछ ।

- कार्यालय प्रमुख श्री श्री विनोद भण्डारी सम्पर्क नं. ९८५२०५२१९६
- लेखा प्रमुख श्री आशिष सुब्बा लिम्बु सम्पर्क नं. ९८५२०८७१११
- खरिदार श्री फडिन्द्र भण्डारी ९८५२०५२१९७

२०८०/५/१५

विनोद भण्डारी
कार्यालय प्रमुख